जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २२७ २०८१ साल चैत २८ गते बिहीबार (10 Apr. 2025 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : वर्ष २०८१ का अकल्पनीयः ... ३ पृष्ठमा : नेपालको आर्थिक वृद्धिदर ... ३ पृष्ठमा : नाइट क्लबको छत ...

# पालिकाद्वारा किसानहरुका लागि सिंचाईका निम्ति छुट्टै ट्रान्सफर्मरसहित मास्टर मिटर जडान



**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले किसानहरुको खेतखेतमा बिजुली सुविधा पुऱ्याउने व्यवस्था मिलाएको छ । खेतीका लागि सिंचाईको प्रमुख समस्या भोगिरहेका किसानहरुको सहजताका लागि पालिकाको उक्त व्यवस्था मिलाएको हो ।

नगर प्रमुख बिरेन्द्र माझीले विगतमा आफ्ना पालिका क्षेत्रभित्रका किसानहरु खेतीपातीका लागि प्रयोग गर्ने कृषि मिटरको शुल्क तिर्दै आएको नगरपालिकाले नेपाल विद्युत प्राधिकरण संगको सहकार्यमा सिंचाईका लागि छुट्टै ट्रान्सफर्मर र सो संगै मास्टर मिटर समेत जडान गरेर विना मिटर किसानको खेतमा बिजुली पुऱ्याएउने व्यवस्था मिलाएको जानकारी दिए ।

किसानले व्यक्तिगत रुपमा लिदै आएको कृषि मिटर जडान गर्ने झंझटिलो प्रक्रियाबाट उन्मुक्ति समेत पाएको उनले बताए । किसानलाई लक्षित गरि नगरपालिकाको २ करोड र विद्युत प्राधिकरणको २० प्रतिशत लागानीमा ५ वटा ट्रान्सफर्मर र सो संगै मास्टर मिटर पनि जडान गरिएको नगरप्रमुख माझीको भनाई छ ।

“ट्रान्सफर्मरसहित मास्टर विद्युतीय मिटर जडान भईसकेको हुँदा अव किसानले छुट्टै कृषि मिटर लिनुपर्दैन नगर प्रमुख माझीले भने-प्रत्येक पोलमा क्लीप बोर्ड समेत जडान गरिएकाले त्यहीबाट मोटर चलाउन सकिने व्यवस्था मिलाइएको छ ।”

उनले भने, “कृषि मिटर लिन कम्तिमा किसानलाई ५ हजार सम्म खर्च गर्नु पर्थ्यो र त्यसमा पनि जग्गाधनी पुर्जा लगायतको कागज नभएका किसानले मिटर नै पाउँदैनथ्यो अव त्यो झंझटिलो प्रक्रियाबाट किसानले उन्मुक्ति पाएका छन् ।”

*बाँकी तीन पृष्ठमा*

# कैद सजाय तोकिएका खंग कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**



लेनदेन मुद्दामा पक्राउ परेका सप्तरीको महादेवा गाउँपालिका ३ का चन्देश्वर खंग बुधबार कारागार चलान भएका छन् ।

सो मुद्दामा सप्तरी जिल्ला अदालतबाट ६ महिना कैद सजाय तोकिएका ५० वर्षिय खंगलाई अघिल्लो दिन मंगलवार साँझ प्रहरीले पक्राउ गरेको थियो ।

अदालतको फैसला कार्यान्वयन गराउने क्रममा खङ्गलाई गोप्य सूचनाको आधारमा प्रहरी चौकी महादेवाबाट खटेको टोलीले गाउँ मै लुकी वसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यलय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

अदालतमा उपस्थित गराइएका उनलाई आदेशानुसार

*बाँकी अन्तिम पृष्ठमा*

# पत्रकार रजकको हत्याको विरोधमा राजविराजमा मैनवत्ती प्रज्वलन

**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**



काठमाडौंको तिनकुनेमा भएको हिंसात्मक प्रदर्शनको क्रममा मारिएका पत्रकार सुरेश रजकको हत्याको विरोधमा बुधवार राजविराजमा मैनवत्ती प्रज्वलन गरिएको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीको अगुवाईमा सप्तरीका पत्रकारहरुले राजविराजस्थित गजेन्द्र चौकमा दिवंगत पत्रकार रजकको हत्यामा संलग्न उपर कारवाहीको माग गर्दै विरोध स्वरुप मैनवत्ती प्रज्वलन गरेको हो ।

पत्रकार रजकको हत्या सम्बन्धमा स्वतन्त्र छानवीन गरी प्रेस स्वतन्त्रता हनन्मा संलग्नहरु माथि कारवाहीसहित क्षतिपुर्ती, घाईते पत्रकारको निशुल्क उपचार र क्षति पुगेको संचारमाध्यमलाई यथोचित क्षतिपुर्तीका मागसहित दोश्रो चरणको आन्दोलन अन्तर्गत पहिलो दिन मैनवत्ती प्रज्वलन गरि विरोध जनाएको पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवले जानकारी दिएका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

# राजविराजदेखी बिराटनगरसम्मको ६ जनाले गरे पैदल यात्रा



**दैनिक समाचारदाता**
**राजविराज, २७ चैत ।**

कामदा एकादशीको अवसरमा मंगलबार राजविराजदेखी बिराटनगरसम्मको ६ जनाले पैदल यात्रा गरेका छन् । उनीहरुले झण्डै १९ घन्टाको समय लगाएर बिराटनगरसम्मको पैदल यात्रा गरेका हुन् ।

राजविराज निवासी चन्दन प्रसाद साह, सन्तोष कुमार साह, नारायण साह, बिरेन्द्र प्रसाद गुप्ता, पंकज साह र रमेश गिरिले सो पैदल यात्रा गरेका हुन् ।

मंगलबार बिहान ३ बजे ६ जनाको टोली राजविराजबाट पैदल यात्रा सुरु गरेका थिए । राती ९ बजेर ५५ मिनेटमा ७ जनै सकुशल बिराटनगरस्थित श्री श्याम मन्दिर

*बाँकी अन्तिम पृष्ठमा*

## सावधान रहौं , आगलागीबाट बचौं ।

गर्मी महिना शुरु भएसँगै आगलागीका घटनाहरु बढी हुने गर्दछ । हामो सानो असावधानीले ठूलो जनधनको क्षति हुने गर्दछ । त्यसैलै आगलागीबाट जोगिन सावधानी अपनाऔं ।

१. सलाई, लाइटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् । भान्साको काम सकेपछि आगो निभाउन नबिर्सौं ।
२. घर-अफिस तथा सम्वेदनशिल स्थानमा आगो निभाउने यन्त्र राखौं ।
३. आगलागी भएमा चिच्याएर जानकारी गराउँदै सुरक्षित स्थानमा जाऔं ।
४. घरभित्र लुक्ने प्रयास नगर्ने, घरबाहिर निस्केपछि सबै परिवार आए-नआएको यकिन गरौं ।
५. धुवाँ भएको स्थानबाट निस्कँदा घोप्टो परेर वा घसेर निस्कौं ।
६. शरिरको कपडामा आगोले टिप्यो भने नदौंडिकन आगो निभाएर मात्रै भागौं ।
७. पेट्रोल, मट्टीतेल लगायतका प्रज्ज्वलनशील पदार्थहरु बच्चाको पहुँचबाट टाढा राखौं ।
८. आगो नियन्त्रण नहुने भएमा वारुणयन्त्र वा प्रहरीको १०० नम्बरमा फोन गरी जानकारी गराऔं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## सम्पादकीय ....

### मच्छर बिरुद्धको औषधी छर्किन किन ढिलाई ?

राजविराजमा मच्छरको आतंक निकै गम्भीर समस्या बन्न पुगेको छ। गर्मीयाम सुरु भएसँगै मच्छरको संख्या बढ्दै गएको छ, जसले सर्वसाधारणलाई हैरान बनाएको छ। मच्छरले फैलाउने रोगहरू जस्तै डेंगु, मलेरिया र चिकुनगुनियाको जोखिम पनि बढ्दो छ। धेरै स्थानहरूमा पानी जम्ने, सरसफाइको कमी र नगरपालिकाको प्रभावकारी फगिङ तथा नियन्त्रण अभियानको अभावले समस्या झनै बढाएको देखिन्छ।

नगरपालिकाले मच्छर बिरुद्ध औषधी छर्किने मेशिन समेत ल्याएको छ। तर त्यसको हालसम्म प्रयोग भएको देखिदैन। विगतका वर्षहरुमा मच्छर बिरुद्ध औषधी छर्कने गरिन्थ्यो। तर त्यो पनि अहिलेसम्म नगरपालिकाले गर्न सकेको छैन्। गर्मी बढेसँगै मच्छरको विगबिगि पनि त्यही बढेको छ। दिउँसो पनि मच्छर लाग्ने र राती मच्छरका कारण एक स्थानमा एकक्षण पनि बस्नै नसक्ने अवस्था छ। स्वास्थ्य जस्तो गम्भिर विषयमा नगरपालिकाको लापरवाही अत्यन्त दुःखदायी रहेको छ।

जनसरोकारसँगको विषयमा नगरपालिकाको खेदजन्य व्यवहारप्रति नगरवासी आक्रेसित भएका छन्। तसर्थ मच्छर बिरुद्धको औषधी छर्किन तथा सरसफाईलाई गम्भिरतापूर्वक लिन नगरपालिकाले तुरुन्त कदम चाल्नु अहिलेको आवश्यकता रहेको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वर्ष २०८१ का अकल्पनीय विपद्: जलवायुजन्य सङ्कट गहिरिँदै

**प्रगति ढकाल**

काठमाडौँ, २७ चैत (रासस)।

गत असार २८ गते नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत सिमलतालको सिन्दुरे खोल्सीमा आएको लेदोसहितको पहिरो (डेब्रिज)का कारण सडकमा गुडिरहेका दुईवटा यात्रुबाहक बस बगाएको अप्रिय घटना अझै नेपालीहरूको मनमस्तिष्कमा नमिठो सम्झना बनिरहेको छ।

गृह मन्त्रालयको सिमलताल बस दुर्घटना अध्ययन प्रतिवेदनअनुसार काठमाडौँबाट रौतहटको गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स लेखिएको यात्रुबाहक बसमा ३६ जना र वीरगन्जबाट काठमाडौँ गइरहेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एनल डिलक्स लेखिएको यात्रुबाहक बसमा २६ जना गरी यात्रुसङ्ख्या ६२ जना रहेका थिए।

जसमध्ये गणपति डिलक्सका तीन जना यात्रु नन्दन दास, जुगेश्वर राय यादव र सरोजकुमार गुप्ता हामफालेर बाँचेका थिए भने बाँकी ५९ जना यात्रु बेपत्ता भएका थिए।

पहिरोले बगाउँदा बसहरू त्रिशूली नदीमा खसेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार भीषण वर्षाका कारण सडकमाथिबाट खसेको पहिराले दुवै बसलाई धकेल्दै नदीमा खसालिदिएको थियो। प्रतिवेदनअनुसार २४ शव फेला पारिए पनि ३५ जना बेपत्ता भएका थिए।

अर्को घटना, गत साउन ३२ गते दिउँसो साढे १ बजेतिरको हो। सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहितको बाढी आयो। हेर्दाहेर्दै क्षणभरको बाढीले थामे बजार बगरमा परिणत भयो। कहिल्यै कल्पना नगरेको यो घटना सपनाझैँ लागिरहेको छ अहिले पनि खुम्बु पासाङल्हामु गाउँपालिकाकी उपाध्यक्ष टासी ल्हामु शेर्पालाई। "यो विपद्ले यहाँका बासिन्दालाई अझै तर्साइरहेको छ। फेरि पनि कुन दिन हिमपहिरोले ज्यान जोखिममा पर्ने हो चिन्तित छन् यहाँका बासिन्दा", उहाँ भन्नुहुन्छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार निरन्तर वर्षा र तापक्रम वृद्धिले सो क्षेत्रमा हिमपहिरो गएको हो वा अन्य कुनै कारणले भन्ने विषयमा गहिरो अध्ययन जरुरी छ।

"प्रारम्भिक अध्ययनमा थामे खोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा सानाठूला गरी छवटा हिमताल-हिमपोखरी रहेको देखिन्छ। उक्त क्षेत्रको नजिक रहेको फोर्से केन्द्रमा विगत सात दिनमा ६५ मिलिमिटर वर्षा मापन भएको छ। साउन २५ गतेदेखि दैनिक औसत तापक्रममा क्रमिक वृद्धि भएको (९.७ बाट ११.० डिग्री सेल्सियस) देखिन्छ र साउन ३१ (अगस्ट १५) गतेको अधिकतम तापक्रम १५.९ डिग्री सेल्सियस पुगेको देखिन्छ", विभागको भनाइ छ।

तेस्रो घटना, असोज १०, ११ र १२ गतेका भारी वर्षाले काठमाडौँ उपत्यका र आसपासका क्षेत्रमा धनजनको व्यापक क्षति गरेको थियो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार तीन दिनको अवधिमा दुई सय ५० जनाले ज्यान गुमाए भने १८ जना अझै बेपत्ता छन्। एक सय ७८ जना घाइते भएका थिए। झन्डै छ हजार निजी आवासमा क्षति पुगेको प्राधिकरणको तथ्याङ्क छ।

उपत्यकाका नदी आसापासका करिडोरहरू अझै धुलाम्मे छन्, कुरुप छन् अझै। सहरी विकास मन्त्रालयका अनुसार बाढीपहिरोजस्ता प्राकृतिक विपद्का कारण सहरी विकास मन्त्रालयअन्तर्गत क्षतिग्रस्त पूर्वाधारका संरचना बनाउन करिब रु दुई अर्ब ८८ करोड ३४ लाख लागत लाग्ने गरिएको छ। स्थानीय पूर्वाधार विभागअन्तर्गत २७ वटा सडकखण्ड र २८ ओटा झोलुङ्गे पुलमा आंशिक रुपमा क्षति र ३२ वटा झोलुङ्गे पुलमा पूर्ण रूपमा क्षति पुगेको छ।

मन्त्रालयमा अनुसार अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गत बागमती, मनोहरा, धोबीखोला, विष्णुमती, नख्खु, हनुमन्ते, कर्मनासा नदीहरूमा थुपारेको माटो तथा गेग्रान निकाल्ने कार्यका लागि रु १२ करोड ८१ लाख खर्च हुनेछ।

नदी किनारामा निर्माण गरिएका क्षतिग्रस्त तटबन्ध, पर्खाल र बाटोलगायतका अन्य संरचना पुनः बनाउनका लागि रु ७० करोड खर्च हुने अनुमान गरिएको मन्त्रालयको भनाइ छ।

विसं २०८१ लाई फर्केर हेर्दा थामेको पहिरोले बस्ती नै विस्थापित हुने अवस्था आउनु, गत असोजमा बाढीका कारण काठमाडौँ उपत्यकाका अधिकांश क्षेत्र डुबानमा पर्नु, भौतिक पूर्वाधारहरूको क्षति, आकस्मिक र रेकर्ड तोड्ने वर्षा नै यस वर्षको जलवायुजन्य दुःखद् घटना भएको बताउनुहुन्छ, वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा महेश्वर ढकाल।

"यी घटनाले आगामी दिनमा जलवायु अनुकूलनका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने, पूर्वसूचना र पूर्वतयारी व्यापक रूपमा अगाडि बढाउनुपर्ने पाठसमेत सिकाएको छ", उहाँ भन्नुहुन्छ, "योसँगै प्रदेश र स्थानीय तहलाई पनि अब जलवायुजन्य विपद् व्यवस्थापनका लागि बलियो बनाएर अगाडि बढ्नुपर्ने रहेछ भन्ने सिकायो।"

**रेकर्ड तोड्ने वर्षा**

यस वर्ष नै सुदूरपश्चिमको दक्षिण-पश्चिमी भू-भागमा पर्ने दोधारा, हनुमाननगर र सुन्दरपुरमा नेपालमा हालसम्म मापन गरिएको सर्वाधिक वर्षा भयो। जल तथा मौसम विज्ञान विभागको विसं २००३ (सन् १९४७) देखिको उपलब्ध तथ्याङ्कअनुसार यी स्थानमा सर्वाधिक वर्षा मापन भएको थियो। असार २४ बिहान वर्षा मापन गर्दा २४ घण्टाको अवधिमा कञ्चनपुर जिल्लाको दोधारा केन्द्रमा ६२४.० मिमी, हनुमाननगर वर्षा केन्द्रमा ५७३.६ मिमी र सुन्दरपुर केन्द्रमा ५५५.८ मिमी वर्षा भएको मापन गरेका थिए।

उक्त दिन मनसुन न्यून चापीय रेखा सरदर स्थानमा रहेको भएता पनि सुदूरपश्चिम प्रदेशका दक्षिण-पश्चिमी भू-भाग आसपासको तल्लो वायुमण्डलमा न्यून चापीय प्रणाली विकसित भएको तथा उपल्लो वायुमण्डलमा पनि पश्चिमी वायुको न्यून चापीय रेखा सक्रिय रही अरब सागर तथा बङ्गालको खाडी दुवैबाट आउने जलवास्पयुक्त हावा सो स्थानमा सम्मिश्रण भई अति भारी वर्षा भएको विभागको प्रारम्भिक विश्लेषणबाट देखिन्छ।

**धनजनको क्षति**

गत वैशाख १ गतेदेखि चैत १२ गतेसम्मको तथ्याङ्क हेर्दा पहिराको कारण ३५९ ले ज्यान गुमाए भने ४८ जना अझै पनि बेपत्ता र २८७ जना घाइते भएका छन्। सो अवधिमा तीन हजार ६९२ वटा घर आंशिक र दुई हजार १३ वटा घर पूर्ण रुपमा क्षति भएको छ। पहिराका कारण ४० वटा पुलमा क्षति पुगेको छ।

यसैगरी बाढीका कारण ९७ जनाको मृत्यु भएको छ भने १८ जना बेपत्ता र ४८ जना घाइते भएका छन्। भारी वर्षाका कारण आठ जनाले ज्यान गुमएका छन् भने ३८ जना घाइते भएका छन्। हावाहुरीका कारण सात जनाको मत्यु र ४२ जना घाइते भएका छन्। हिउँपहिराका कारण एक जना बेपत्ता भएका छन्।

जलवायुविद् डा पपुलर जेन्टल भुसालले पनि बाढीपहिराका कारण भएको अकल्पनीय क्षति, हिउँदमा कम वर्षा, हिउँ कम पर्नु, हिमताल विस्फोट हुनुजस्ता यस वर्षका प्राकृतिक प्रकोपले सबैलाई चिन्तित बनाएको बताउनुभयो। "पूर्वसूचना दिँदादिँदै पनि यस वर्ष धनजनको क्षति बढी भयो, यो चिन्ताजनक छ", उहाँले भन्नुभयो।

**अकल्पनीय विपद्ले सिकाएको पाठ**

ललितपुरमा महानगरपालिका वडा नं २५ बस्ने सीता थापामगरलाई नख्खु खोलामा बाढी आउँछ र आफू बस्दै आएको टहरा रातारात बगाउला भन्ने लागेकै थिएन। यस वर्ष नख्खु र हनुमन्ते खोलामा आएको बाढीले कयौँको उठिबास भयो। गत असोजमा आएको त्यस बिनासकारी बाढीले उहाँलाई तर्साइरहेको छ। "२०औँ वर्ष भइसक्यो यही ठाउँमा बसोबास गर्दै आइरहेका छौँ। तर यस्तो बाढी आउला भनेर कल्पना पनि गरेका थिएनौँ", उहाँ भन्नुहुन्छ, "त्यो अत्यासलाग्दो बाढीले तर्सारहेको छ। सम्झनै मन लाग्दैन।"

यो घटनापछि नदी आसपासमा बसोबास गर्न नहुने पाठ सिकाएको बताउनुहुन्छ, विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेती। "नेपालका अधिकांश बस्तीहरू नदी किनारा नजिकै छन्। उपत्यकाको नदी आसपासमा टहरा बनाएर बस्ने पनि थुप्रै छन्", उहाँले भन्नुभयो, "उपत्यकामा पनि बाढीको जोखिम हुँदोरहेछ। अब नदी किनारामा बस्नुहुन्न र विपद्मैत्री संरचना बनाउनुपर्छ भन्ने पाठ सिकाएको छ।"

जल तथा मौसम विज्ञान विभागका बाढीविज्ञ विनोद पराजुलीले २०८१ सालमा बाढीका आठवटा ठूला घटना भएको जानकारी गराउनुभएको छ। "यसै वर्ष धेरै पछि नख्खु खोलामा ठूलो बाढी गएको पाइयो। जहाँ २०३८ सालमा यस्तै ठूलो बाढी आएको हाम्रो अध्ययनले देखाएको छ। त्यतिबेला खोला नजिक बस्ती थिएन। त्यसैले मानवीय क्षति हुन पाएन। यसपटक भने किनारसम्मै बस्ती भएकाले क्षति बढी भयो", उहाँले भन्नुभयो, "नख्खु र काभ्रेको रोशी नदीमा बाढी पूर्वानुमानसम्बन्धी प्रणाली जडान भए पनि बाढीले ती यन्त्र बगाएर काम भएन। अबचाहिँ बाढीबाट सुरक्षित स्थानमा यस्ता प्रणाली राख्नुपर्छ भन्ने पाठ सिकाएको छ।"

भू-गर्भविद् डा सुबोध ढकालले पुराना पहिरो फेरि दोहोरिन थालेको र यसले पुराना पहिरो भएको स्थानमा बस्ती बस्न नहुने पाठ सिकाएको बताउनुभयो। "सिमलताल र धादिङको झ्याप्ले खोलामा यस वर्ष पहिरो जाँदा धेरैले ज्यान गुमाए। त्यहाँ पहिला पनि पहिरो गएको थियो", उहाँले भन्नुभयो, "तसर्थ पुराना पहिरोमा भएका बस्तीहरू

बाँकी तीन पृष्ठमा

# नेपालको आर्थिक वृद्धिदर चार दशमलव चार प्रतिशत रहने अनुमान

काठमाडौँ, २७ चैत (रासस) ।

एसियाली विकास बैंक (एडिबी) ले सन् २०२५ मा एसिया क्षेत्रको आर्थिक वृद्धिदर चार दशमलव नौ र नेपालको आर्थिक वृद्धिदर चार दशमलव चार प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ । एडिबीले बुधबार 'एसियन डेभलपमेन्ट आउटलुक-२०२५' प्रतिवेदन सार्वजनिक गर्दै एसियाली मुलुकहरूको आर्थिक वृद्धिदर र मुद्रास्फीतिबारे प्रक्षेपण गरेको हो ।

अमेरिकाले तय गरेको भन्सार नीति, भूराजनीतिक तनावलगायत कारण एसिया र प्रशान्त क्षेत्रमा व्यापारिक अनिश्चितताले आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिमा प्रभाव पार्ने प्रतिवेदनमा उल्लेख छ ।

अमेरिकाले नयाँ भन्सार दर तोकेपछि यसले विश्वभर व्यापारिक अनिश्चितता कायम गरेको एडिबीले जनाएको छ । अमेरिकी भन्सार शुल्कको क्षेत्रीय प्रभाव विश्लेषण गर्दै एडिबीले एसिया र प्यासिफिक क्षेत्रमा सन् २०२५ मा आर्थिक वृद्धिदर चार दशमलव नौ प्रतिशत र सन् २०२६ मा चार दशमलव सात प्रतिशतमा खुम्चिने अनुमान गरेको छ ।

त्यस्तै, यस क्षेत्रको मुद्रास्फीति सन् २०२५ मा दुई दशमलव तीन र सन् २०२६ मा दुई दशमलव दुई प्रतिशतमा घट्ने प्रक्षेपण गरिएको छ । सन् २०२४ मा एसिया क्षेत्रको मुद्रास्फीति दुई दशमलव छ प्रतिशत थियो ।

नेपालको मुद्रास्फीति भने सन् २०२५ मा पाँच दशमलव दुई र सन् २०२६ मा पाँच प्रतिशत रहने अनुमान गरिएको छ । गत असोजमा आएको बाढीपहिरोका कारण आपूर्ति शृङ्खलामा असर पर्दा मुद्रास्फीतिमा त्यसको प्रभाव देखिएको एडिबीले जनाएको छ । सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने अनुमान गरिएको छ ।

"अप्रिलको सुरुआतमा घोषणा गरिएका अमेरिकी भन्सार शुल्कहरूको पूर्ण कार्यान्वयन र थप अमेरिकी व्यापार नीति परिवर्तनले आर्थिक वृद्धिदरमा गिरावट ल्याउन सक्ने अनुमान गरिएको छ । व्यापार क्षेत्रमा थप अनिश्चितता देखिन सक्छ", प्रतिवेदनमा भनिएको छ ।

साथै विस्तारमुखी वित्तीय नीतिहरूले मुद्रास्फीति बढाउन सक्ने अनुमान गरिएको छ । मध्यपूर्व क्षेत्रमा देखिएको तनावका कारण आपूर्ति शृङ्खलामा अवरोध, खाद्य र ऊर्जा मूल्यमा वृद्धि, विश्वव्यापी आर्थिक अनिश्चितता युक्रेन-रुसको युद्धबाट सिर्जित समस्यालगायत कारणले जोखिम बढ्ने एडिबीले अनुमान गरेको छ ।

---

## *वर्ष...*

जोखिममा छन् र यी बस्तीलाई सुरक्षित स्थानमा सार्ने रणनीति राज्यले लिनुपर्छ ।"

**अध्ययन भन्छः जलवायुजन्य सङ्कटले पिरोलिरहेको छ**

जर्मन वाचले गरेको जलवायु जोखिम सूचकाङ्कका अनुसार विश्वमा जलवायुजन्य सङ्कटले पिरोलिरहेको छ । सन् १९९३-२०२२ अवधिमा डोमिनिका, चीन र होन्डुरस प्रतिकूल मौसमी घटनाका प्रभावबाट सबैभन्दा बढी प्रभावित भएका देशहरू थिए । सन् १९९३ देखि २०२२ सम्म, विश्वभरि सात लाख ६७ हजारभन्दा बढी मानिसको मृत्यु भएको र करिब ४२० अर्ब डलर बराबरको क्षति भएको छ ।

"बाढी, आँधी, गर्मीको लहर, र सुक्खा यी घटना बढी भएघ । १९९३ देखि २०२२ सम्म, आँधी (३५%), गर्मीको लहर (३०%), र बाढी (२७%) ले सबैभन्दा बढी मृत्युको कारण बने," अध्ययनमा उल्लेख छ, "आँधीले सबैभन्दा ठूलो आर्थिक क्षति पुर्‍याएको छ (५६%) भने बाढीले (३२%) क्षति भएको छ ।"

**अहिलेसम्मकै तातो वर्ष**

विसं २०८१ मा नै विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) द्वारा प्रकाशित एउटा अध्ययन प्रतिवेदन सार्वजनिक भयो । जुन तथ्याङ्कले जलवायुजन्य सङ्कटको डरलाग्दो तथ्य उजागर गरेको थियो । सन् २०२४ को गत जनवरीदेखि सप्टेम्बरमा औसत तापमान औद्योगिक क्रान्ति अघि भन्दा १.५४ (+०.१३) डिग्री सेल्सियसले बढी भएको देखाएको छ ।

सन् १८५० देखि १९०० लाई आधार वर्ष मान्दा अहिलेसम्म पृथ्वीको तापमान वृद्धि १.४ डिग्री सेल्सियसले बढेको र त्यसमध्ये पनि १.३ डिग्री सेल्सियस मानव सिर्जित रूपमा तापमान वृद्धि भएको अध्ययनले देखाएको छ ।

विश्वको तापक्रम वृद्धिले नेपालका हिमालमा हिउँ पग्लने र हिमालको अस्तित्व नै नास हुने खतरा बढ्ने बताउनुहुन्छ विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेती । "सन् २०२४ तातो वर्षको रुपमा रेकर्ड भएको छ । जसले हिमाल कसरी जोगाउने भन्ने चुनौती छ", उहाँले भन्नुभयो ।

**विश्वव्यापी पैरवी गर्न कोप**

गत वर्ष नोभेम्बर ११-२४ सम्म अजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औँ शिखर सम्मेलन (कोप-२९) सम्पन्न भयो । जलवायुजन्य सङ्कटको समाधानका लागि विश्वभरका विज्ञदेखि, राजनीतिक दलका नेतृत्व तथा अन्य सरोकारवालाबीच छलफल र समस्या समाधानका लागि पैरवी गर्ने लक्ष्यका साथ यो सम्मेलन आयोजना गरिएको थियो ।

नेपालका तर्फबाट बाकुमा सम्पन्न कोपमा भाग लिन जानुभएका राष्ट्रपति रामचन्द्र पौडेलले जलवायुजन्य सङ्कटबाट हिमाललाई बचाउन आह्वान गर्नुभएको थियो ।

जलवायुजन्य सङ्कट समाधान गर्न वित्त अनुदानको आकार बढाउनुपर्नेमा कोपमा लामै छलफल भएको थियो । तर नतिजा भने सन्तोषजनक आएन । यस सम्मेलनमा नेपालले गरेको प्रयास भने प्रशंसनीय थियो ।

**पैरवीका लागि सगरमाथा संवाद**

यस वर्ष जलवायुजन्य सङ्कटको विषयमा पैरवीलाई अझ बढाउन नेपालले सगरमाथा संवाद आयोजना गर्ने घोषणाले थप चर्चा पाएको छ । आगामी जेठ २ देखि ४ गतेसम्म विश्वका राष्ट्र प्रमुख, सरकार प्रमुख, जलवायु विज्ञ र अनुसन्धानदातालाई आमन्त्रण गरेर नेपालले काठमाडौँमा सगरमाथा संवाद आयोजना गर्ने घोषणा सहित तयारी अगाडि बढाइरहेको छ ।

जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालका अनुसार हिमालय क्षेत्रमा जलवायुले पारेको असर न्यूनीकरण, जलवायु परिवर्तन, पारिस्थितिकीय व्यवस्थापन र स्थानीय समुदायमा पारेको प्रभावको विषयमा विश्वका वैज्ञानिक, नीति निर्मताहरूबीच चर्चा र विचार आदानप्रदान गर्नु नै संवादको लक्ष्य छ ।

"विभिन्न देशका सरकारी अधिकारी, प्राविधिक, वैज्ञानिक, दातृ निकाय, र स्थानीय समुदायका प्रतिनिधिहरू सहभागी हुने संवादमा हिमालय क्षेत्रमा परेको जलवायुजन्य क्षेत्रीय तथा अन्तरराष्ट्रिय चुनौती, सम्भावना र समाधानको खोजी गरिने र ज्ञान आदानप्रदान गरिने छ", उहाँले भन्नुभयो ।

जलवायु युवा अभियन्ता दीक्षा सुवेदीले २०८१ मा अझै जलवायुका मुद्दामा पैरवी बढाउन सरकार सक्षम भएको भन्दै सकारात्मक टिप्पणी गर्नुभएको छ । "यसै वर्ष सगरमाथा संवाद, तेस्रो एनडिसीको तयारी, कोपमा पनि युवाको सहभागिता बढाउनु सकारात्मक पहलको रुपमा लिन सकिन्छ", उहाँले भन्नुभयो, "बनेका जलवायुका नीतिहरूको प्रभावकारी कार्यन्वयन गर्नु, युवाको सहभागिता अझै बढाउनुपर्ने, प्रदेश र स्थानीय तहको क्षमता पनि बढाउँदै अगाडि बढ्न आवश्यक छ ।"

**तेस्रो एनडिसी पनि बन्दै**

नेपालले सन् २०३५ सम्मको अवधि समेट्ने गरी आफ्नो तेस्रो राष्ट्रिय रूपमा निर्धारण गरिएको योगदान (एनडिसि थर्ड) बनाइरहेको छ । यसलाई पनि २०८१ सालमा भएका महत्त्वपूर्ण योजनाको रुपमा लिन सकिन्छ ।

मन्त्रालयका अनुसार अहिले मस्यौदा तयार भइरहेको छ । तेस्रो एनडिसीले सन् २०३५ सम्मको अवधि समेट्नेछ भने पहिलो र दोस्रो एनडिसी (कार्यान्वयन योजनासहित) ले सन् २०२५ र २०३० का लक्ष्यहरू पूरा गर्ने उद्देश्य राखेको थियो ।

एनडिसीको तयारी प्रक्रियामा समावेशी परामर्श प्रक्रियामा स्थानीय समुदायहरू र आदिवासी जनजातिलाई समावेश गर्दै 'कसैलाई पछि नछोड्ने' सिद्धान्तलाई अनुशरण गरिएको मन्त्रालयले जानकारी गराएको छ ।

जलवायु न्यूनीकरण, अनुकूलन, तथा वित्तीय व्यवस्थापनको विस्तृत खाकासहित सन् यसमा २०३५ सम्मको दिगो विकास लक्ष्य, घरेलु तथा अन्तरराष्ट्रिय वित्तीय स्रोतको परिचालन, तथा स्थानीय तहसम्म जलवायु कार्यान्वयनको योजना समेटेर तेस्रो एनडिसीको मस्यौदा तयार भइरहेको हो ।

जलवायुजन्य विपद्ले २०८१ मा तर्साएर गयो । अब साल फेरिएर २०८२ लाग्दैछ । फेरि यी र यस्ता विपद् २०८२ मा नदोहारिएला भन्न सकिँदैन । विपद् रोक्न नसकिए पनि क्षति कम गर्न भने अवश्य सकिन्छ । हामीले विपद्कै समयमा मात्रै तयारी थाल्ने होइन । विपद्अगावै पूर्वतयारी र पूर्वसूचनालाई प्रभावकारी बनाएर २०८२ का सम्भावित विपद् जोखिम न्यूनीकरणमा राज्य जुट्नुपर्छ ।

## *पालिकाद्वारा...*

उनले किसानले अव मिटर पनि नलिनु पर्ने र शुल्क पनि तिर्नु नपर्ने तथा मास्टर मिटरमा खपत भए अनुसारको नगरपालिकाले नै विद्युत महसूल भुक्तानी गर्ने जानकारी दिए ।

नगरक्षेत्र भित्र कृषि पेशामा लागेकाहरुलाई प्रोत्साहन तथा उनीहरुको लागत खर्चमा सहयोग गरि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले ल्याइएको उक्त कार्यक्रम अन्तर्गत अहिलेसम्म ५ वटा ट्रान्सफर्मर जडान गरेर ८ वटा वडाका किसानलाई निशुल्क विद्युत उपलब्ध गराउन थालिएको र बाँकी ६ वटा वडाहरुमा पनि क्रमिक रुपमा मास्टर मिटर सहितको ट्रान्सफर्मर जडान गरिने पालिकाको नीति रहेको उनले बताए ।

---

## विश्व समाचार

### नाइट क्लबको छत भत्किँदा करिब १०० को मृत्यु

सान्तो डोमिङ्गो (डोमिनिकन रिपब्लिकन), २७ चैत (रासस/एएफपी) ।

डोमेनिकन रिपब्लिकनमा गायक रुबी पेरेजको जेट सेट नाइटक्लबमा भएको कन्सर्टको समयमा उक्त क्लबको छत भत्किँदा करिब एक सय जनाको मृत्यु भएको तथा उद्धार कार्य जारी रहेको जनाइएको छ ।

प्रख्यात डोमिनिकन मेरेन्गु गायक पेरेजले मञ्चमा गाइरहेको अवस्थामा मङ्गलबार मध्यरातमा छत भत्किँदा मृत्यु हुनेमा उहाँका प्रबन्धकसमेत रहेको जनाइएको छ ।

मृतकमध्ये ५१ वर्षीय सेवानिवृत्त मेजर लिग बेसबल पिचर अक्टाभियो डोटेल पनि रहेको जनाइएको छ । उहाँले सन् २०११ मा सेन्ट लुइस कार्डिनल्ससँग विश्व शृङ्खला जित्नुभएको थियो ।

स्थानीय मिडियाका अनुसार दुर्घटना हुँदा क्लबमा पाँच सयदेखि एक हजार मानिस थिए । पेरेजकी छोरी जुलिन्काले छाना भत्किएपछि भाग्न सफल भएको पत्रकारलाई बताउनुभयो ।

राष्ट्रपति लुइस अबिनाडरकाले घटनास्थलको भ्रमण गरी तीन दिनको राष्ट्रिय शोकको घोषणा गर्नुभएको छ । उहाँका अनुसार मृतकमा मोन्टे क्रिस्टी नगरपालिकाको गभर्नर नेलसी क्रुज पनि हुनुहुन्थ्यो ।

बुधबार बिहानसम्म मृतकको प्रारम्भिक सङ्ख्या ९८ पुगेको आपत्कालीन सञ्चालन केन्द्रका निर्देशक जुआन म्यानुएल मेन्डेजले बताउनुभयो छ ।

### युक्रेनमा एक करोड ३० लाख मानिसलाई तत्काल मानवीय सहायताको आवश्यकता

न्युयोर्क, २७ चैत (रासस/क्युएनए) ।

युक्रेनमा एक करोड ३० लाख मानिसलाई तत्काल मानवीय सहायताको आवश्यकता रहेको मानवतावादी मामिलाका लागि राष्ट्रसङ्घीय उपमहासचिव टम फ्लेचरले बताउनुभएको छ ।

युक्रेनीहरुको अवस्थाबारे सुरक्षा परिषद्लाई जानकारी दिँदै संयुक्त राष्ट्रसङ्घका राहत प्रमुखले अन्तर्राष्ट्रिय समुदायलाई सहयोग र समर्थन गर्न आह्वान गर्नुभयो । उहाँले द्वन्द्वरत पक्षले अन्तर्राष्ट्रिय कानूनअनुसार नागरिकको रक्षा गर्नु पर्ने विषयमा जोड दिनुभयो ।

उहाँका अनुसार रूस-युक्रेन युद्धका कारण लगभग ३७ लाख युक्रेनी विस्थापित भएका छन् भने सात लाख हाल शरणार्थीका रूपमा बाँचिरहेका छन् । यसै गरी रूसले कब्जा गरेका डोनेट्स्क, खेरसन, लुहान्स्क र जापोरिभ्जियाका अनुमानित १५ लाख नागरिकसम्म पुग्न असमर्थ रहेको मानवीय सहायताकर्मीहरूले बताएका छन् ।

बढ्दो आवश्यकताका बावजुद युक्रेनमा दुई अर्ब ६० करोड अरब डलर राष्ट्रसङ्घीय नेतृत्वको मानवीय प्रतिक्रिया योजनाले आवश्यक कोषको १७ प्रतिशत मात्र प्राप्त गरेको जनाइएको छ ।

रूसी राजदूत भासिली नेबेन्जियाले युक्रेनी मिडियाले आफ्नो देशलाई जानाजानी शान्ति प्रयासलाई कमजोर पार्ने देशके रूपमा चित्रण गरिरहेको बताउनुभएको छ ।

यसैबीच संयुक्त राष्ट्रसङ्घका लागि युक्रेनकी स्थायी प्रतिनिधि क्रिस्टिना हायोभिशिनले आफ्नो देशमा भएको आक्रामक कार्यका लागि रूस जवाफदेही बन्नुपर्ने बताउनु भएको छ । उहाँले युद्ध अन्त्य गर्न छलफल मात्र नभए वास्तविक दबाब दिन आवाश्यक रहेकोसमेत बताउनुभयो ।

हायोभिशिनले रूसले तत्काल ३० दिनको अन्तरिम युद्धविरामका लागि अमेरिकी प्रस्तावको जवाफ दिई युक्रेन विरुद्धको आक्रमक युद्ध समाप्त गर्नुपर्ने बताउनुभयो ।

संयुक्त राज्य अमेरिकाको प्रतिनिधित्व गर्दै कार्यवाहक प्रतिनिधि डोरोथी सियाले आफ्नो देश न्यायपूर्ण र स्थायी शान्ति प्राप्त गर्न प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले रूस र युक्रेनसँगको द्विपक्षीय संलग्नतामा अमेरिकाले पूर्ण युद्धविरामको प्रस्ताव गरेको उल्लेख गर्नुभयो ।

शान्ति कायम गर्नका लागि युक्रेन र रूसले पहिले नै गरिसकेका युद्धविराम प्रतिबद्धताहरू पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने बताउदै उहाँले पूर्ण रूपमा कार्यान्वयन गरियो भने जीवन रक्षा र जीविकोपार्जनमा सुधार हुने बताउनुभयो ।

### उत्तरी चीनको नर्सिङ होममा आगलागी, २० जनाको मृत्यु

बेइजिङ, २७ चैत (रासस/एएफपी) ।

उत्तरी चीनको हेबेई प्रान्तको एक नर्सिङ होममा आगलागी हुँदा २० जनाको मृत्यु भएको बेइजिङको सरकारी समाचार एजेन्सी सिन्ह्वाले बुधबार जनाएको छ ।

राजधानी बेइजिङबाट करिब १८० किलोमिटर उत्तरपूर्वमा रहेको लोङहुआ काउन्टीको नर्सिङ होममा मङ्गलबार राति ९:०० बजे (१३०० जिएमटी) आगलागी भएको हो ।

बुधबार बिहान ३:०० बजेसम्म २० जनाको मृत्यु भएको पुष्टि भएको सिन्ह्वाले जनाएको छ ।

"नर्सिङ होममा रहेका अन्य वृद्धवृद्धालाई थप अवलोकन र उपचारका लागि नजिकैको अस्पतालमा सारिएको छ", सरकारी समाचार एजेन्सीले जनाएको छ । सिन्ह्वाका अनुसार आगलागीको कारणबारे अनुसन्धान भइरहेको छ ।

नर्सिङ होमका लागि जिम्मेवार एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको काउन्टी सरकारले जनाएको छ । चीनमा शिथिल भवन संहिता र कार्यस्थल सुरक्षाप्रति अक्सर लापरवाह दृष्टिकोणका कारण घातक आगलागीहरू तुलनात्मक रूपमा सामान्य छन् ।

जनवरीमा बेइजिङको उत्तरपश्चिममा रहेको झाङजियाकोउ सहरको एक तरकारी बजारमा भएको आगलागीमा आठ जनाको मृत्यु र १५ जना घाइते भएका थिए ।

त्यसभन्दा एक महिनाअघि पूर्वी चीनको रोङचेङ सहरमा रहेको एक निर्माण स्थलमा भएको आगलागीमा नौ जनाको मृत्यु भएको थियो ।

# मधेस प्रदेशका स्वास्थ्यकर्मीको प्रदर्शन जारी

**दैनिक समाचारदाता**
**धनुषा, २७ चैत ।**

मधेस प्रदेशका स्वास्थ्यकर्मीले 'स्वास्थ्य सेवा ऐन, २०८१' संशोधनको माग गर्दै बुधबार तेस्रो दिन पनि आफ्नो प्रदर्शन जारी राखेका छन् । स्वास्थ्यकर्मीको प्रदर्शनका कारण प्रदेशका स्वास्थ्य संस्थाहरूका सेवा प्रभावित बनेसँगै बिरामी समस्यामा परेका छन् ।

मधेस प्रदेश सरकारले ल्याएको उक्त ऐनमा कतिपय पदमा कार्यरत कर्मचारीको वृत्तिविकास प्रतिबद्ध लगाइएकाले संशोधनको माग राख्दै प्रदेशभरका स्वास्थ्यकर्मी जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि धर्ना बसेका हुन् ।

आफूहरूको वृत्तिविकासमा गम्भीर असर पार्ने प्रावधान राखेर ल्याइएको ऐन संशोधन गर्नुपर्ने स्वास्थ्यकर्मीको जोड छ । जनकपुरधाममा तीन दिनदेखि जारी प्रदर्शनको नेतृत्व सिनियर अहेव र सिनियर अनमी चौथो तथा पाँचौं तह सङ्घर्ष समिति मधेस प्रदेशले गरिरहेको छ ।

सङ्घर्ष समितिका प्रदेश संयोजक मोहन साहले पटकपटक ऐन संशोधनको माग राखे पनि प्रदेश सरकारले बेवास्ता गर्दै आएकाले प्रदर्शन गर्नुपरेको बताउनुभयो । "प्रदेश सरकारले हाम्रा माग सम्बोधन नगरेकाले अन्ततः हामी मुख्यमन्त्री कार्यालय अगाडि चर्को घाममा धर्ना बस्न बाध्य भएका हौं", उनले भने ।

उनका अनुसार मधेस प्रदेशभरिका एक हजार ८०० स्वास्थ्यकर्मी उक्त ऐनबाट प्रत्यक्ष प्रभावित बनेका छन् । "स्वास्थ्य सेवा ऐन, २०८१ ले हाम्रो वृत्तिविकासको ढोका बन्द गरिदिएको छ", संयोजक साहले गुनासो गर्दै भन्नुभयो, "संशोधन नभएसम्म हामी प्रदर्शन गरिरहने छौं ।"

सङ्घर्ष समितिका कोषाध्यक्ष रामदेव कापरले भन्नुभयो, "सङ्घीय स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को (ख) अनुसार ४ तहमा नियुक्त भएका कर्मचारीले पाँच वर्षपछि पाँचौं, त्यसपछि आठ वर्षमा छैटौं र पाँच तहबाट नियुक्त कर्मचारीले सात तहसम्म पदोन्नति पाउने व्यवस्था छ । तर, प्रदेश सरकारले त्यो मर्मविपरीत ऐन ल्याएर हामीलाई पछाडि पार्ने काम गरेको छ ।" उनका अनुसार प्रदर्शनको समर्थनमा काठमाडौंबाट पनि आवाज उठ्न थालेको छ ।

प्रगतिशील जनस्वास्थ्यकर्मी महासङ्घका केन्द्रीय उपाध्यक्ष सुभाषचन्द्र गुप्ताले ऐनको संशोधनको माग राख्दै प्रदर्शन गरिरहेका स्वास्थ्यकर्मीका माग 'सतप्रतिशत जायज' रहेका बताउनुभयो । उहाँले प्रदेश सरकारले ल्याएको ऐनले कर्मचारीको पदोन्नति रोकिनुका साथै जनतासम्म प्रभावकारी सेवा पुऱ्याउने संरचनामा असर पुगेका तत्काल माग सम्बोधन गर्नुपर्नेमा जोड दिए ।

उनले भने, "प्रदेश सरकारले गृह, सञ्चार तथा कानुनमन्त्रीको संयोजकत्वमा गठन गरेको समितिले प्रतिवेदन दिइसकेको छ । हालसम्म पनि उक्त प्रतिवेदनका सुझाव कार्यान्वयन भएका छैनन् । स्वास्थ्यकर्मीको यो प्रदर्शन आफ्नो अधिकारका लागि मात्र नभएर जनस्वास्थ्यको रक्षाका लागि पनि हो ।"

# इनड्राइभको "राइड एण्ड विन" प्लाटिनम ड्राइभर गिभअवे क्याम्पेन सम्पन्न

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ चैत ।**




विश्वव्यापी मोबिलिटी र शहरी सेवा प्लेटफर्म इनड्राइभले आफ्नो बहुप्रतिक्षित "राइड एण्ड विन" प्लाटिनम ड्राइभर गिभअवे क्याम्पेन नेपालमा सफलतापूर्वक सम्पन्न गरेको छ ।

ड्राइभर-पार्टनरहरूलाई प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले सुरु गरिएको क्याम्पेन नेपालभरीका इनड्राइभ ड्राइभरहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

प्लाटिनम ड्राइभर गिभअवे अन्तर्गत ड्राइभरहरूले १० मार्चदेखि १६ मार्चसम्म ३५ राइड पूरा गरेपछि प्लाटिनम स्तरमा पुग्नुपर्ने थियो । त्यसपछि १७ मार्चदेखि २३ मार्चसम्म तिनीहरूले गरेका राइडहरूको आधारमा विजेता छनोट गरिएको थियो ।

बजाज पल्सर १५० सीसीका विजेता राजु योञ्जन, सामसङ ग्यालेक्सी ए५५ फाइभजीका विजेता विवेक खत्री, सुरेन्द्र डंगौरा र विशाल तामाङ भएका छन् ।

यस्तै एमआई ३२ इन्च एचडी स्मार्ट एलइडी टिभीको विजेतामा सुमन बास्केट, सुमन तामाङ, जगत नगरकोटी र सन्तोष नगरकोटी भएका छन् । अल्टिमा नोभा प्रो स्मार्टवाचको विजेता दिपक मिश्र, महेश ओली, मनोज चेपाङ, प्रदीप कुमार मानन्धर, नारायण थापा मगर, दिनेश कुमार, रामचन्द्र पौडेल, मनोज थारु, रमेश मगर र प्रसाद न्यौपाने छन् ।

अल्टिमा बूस्ट २०के प्रो २०००० एमएएच पावरब्याकका विजेता नीरज कुश्वार, किरण राई, एमडी जोहेर रेईन, श्याम बहादुर बस्नेत, प्रतीक बिष्ट, उज्ज्वल तामाङ, तिर्थकुमार राई, राम पाखिन कुमार, सुरज गुरुङ, राजकुमार आले भएका छन् ।

यसैगरि अल्टिमा एटम १९२ ब्लूटूथ इयरबड्सका विजेता दिनेश साउद, दिपक कुमार चौधरी, देवप्रसाद शेरचन, राजकुमार थापा, दिनेश बलायर, दिलकुमार कुस्ले, बैकुण्ठ पराजुली, सुमन मुक्तान, कृष्ण बहादुर भुजेल र नवीन शाह भए ।

# सेनिटरी प्याड खरिदमा भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर

काठमाडौं, २७ चैत (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको कलैया उपमहानगरपालिकामा सेनिटरी प्याड खरिदमा भ्रष्टाचार भएको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतलगायतका अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आर्थिक बर्ष २०७७/७८ र आव २०७८/७९ का लागि सेनिटरी प्याड खरिदमा प्रतिप्याकेट रु ७९ दशमलव एक कायम गरी ठेक्का गरिएको थियो । आयोगले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रह्लादप्रसाद वर्णवाल, शिक्षा अधिकृत विजय अधिकारी, जिन्सी प्रमुख राजेश ठाकुर र लेखा अधिकृत दिव्या सर्राफविरुद्ध रु ५१ लाख ९९ हजार एक सय २० बराबरको बिगो माग दावी गरी मुद्दा दायर गरेको जनाएको छ ।

यस्तै, आयोगले सागरदेवी फर्मा हैटौडा तथा त्यसका सञ्चालक बिमलेश साहविरुद्ध पनि समान बिगो दावी गरिएको छ । सरकारी कर्मचारीसँग मिलेमतो गरी गैरकानुनी लाभ हासिल गरेको आरोप आयोगले सञ्चालक साहविरुद्ध पनि लगाइएको छ । आरोपी सबैलाई बिगो बमोजिम कारवाहीको माग गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो ।

### पत्रकार ...

यही मागहरु लिएर पहिलो चरणको आन्दोलन अन्तर्गत विभिन्न कार्यक्रम गरि सरकारलाई ७ दिनको समय सिमा दिइएको तर सरकार पक्षले कार्यान्वय नगर्दा माग पुरा गराउन दवाव स्वरुप महासंघले दोश्रो चरणको आन्दोलनको शुरुवात गरेको उनले बताए ।

राजविराजस्थित नेपाल पत्रकार महासंघको कार्यालयबाट दिवंगत पत्रकार राउतको तस्वीर सहितका प्लेकार्ड बोकेर पत्रकारहरु मैनवती प्रज्वलन कार्यक्रममा सहभागि भएका थिए ।

### राजविराजदेखी...

पुगेका थिए ।

यस्तै उनीहरुसँगै पैदल यात्रामा दुहबीबाट शिबजी चौहान पनि सहभागि भएको यात्रामा सहभागि चन्दन प्रसाद साहले जानकारी दिएका छन् ।

उनीहरुलाई उक्त पैदल यात्रामा राजबिराजबाट बिराटनगरस्थित मन्दिरसम्म बिवेक जैन, बिकास जैन, अमित साह, ओमप्रकाश साह र आशिष अग्रवालले सेवा सतकार गरेको टोलीका सहभागिहरुले जनाएका छन् ।

### कैद...

कैद सजाय भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको माग

भैरहवा (रुपन्देही), २७ चैत (रासस) ।

भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनको माग राख्दै रूपन्देहीका उद्योगी व्यवसायीले ध्यानाकर्षण गराएका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य सङ्घ, रुपन्देही, सिद्धार्थ सञ्जाल रुपन्देही र चेम्बर अफ कमर्स, रुपन्देहीले बुधबार भैरहवामा पत्रकार सम्मेलन गरी चरणबद्ध आन्दोलनका कार्यक्रमको घोषणा गरेका छन् ।

आन्दोलनमा विमानस्थल अगाडि धर्नालगायतका कार्यक्रम सार्वजनिक गरिएको छ । उद्योगी व्यवसायीहरूले विमानस्थल सञ्चालनका लागि सबै मिलेर निर्णायक आन्दोलन गर्ने जनाएका हुन् । सिद्धार्थ सञ्जाल रूपन्देहीको अगुवाइमा हुने आन्दोलनमा जिल्लाका सबै सङ्घ-संस्था रहने गरी संयुक्त आन्दोलन सङ्घर्ष समितिसमेत गठन गरिएको छ ।

पहिलो चरणको आन्दोलनका कार्यक्रमअन्तर्गत रुपन्देहीमा रहेका विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधिका साथै सङ्घ र प्रदेशमा निर्वाचित जनप्रतिनिधिसँग छलफल गरी प्रतिबद्धता लिने, सम्बन्धित एयरलाइन्सका प्रमुखसँग छलफल गर्ने समितिका संयोजक तथा सिद्धार्थ सञ्जालका अध्यक्ष अनिलकुमार ज्ञवालीले बताउनुभयो ।

त्यस्तै सम्पूर्ण सङ्घ-संस्था, राजनीतिक दल, आम सर्वसाधारण, जनप्रतिनिधिलगायत हजारौंको सङ्ख्यामा उपस्थिति भई विमानस्थल अगाडि अल्टिमेटम दिँदै शान्तिपूर्ण विरोध, प्रधानमन्त्री, पर्यटन, अर्थ, श्रम, स्वास्थ्यमन्त्रीलगायत सम्बन्धित मन्त्रालयका सचिव र नेपाल वायुसेवा निगमका प्रमुखहरूसँग आन्दोलनका कार्यक्रमबारेमा ध्यानाकर्षण गराइने अध्यक्ष ज्ञवालीले जानकारी दिनुभयो ।

त्यसैगरी कालोपट्टी बाँधेर दबावमूलक विरोध प्रदर्शन तथा शान्तिपूर्ण र्‍याली प्रदर्शन तथा बजार परिक्रमा गरिने उहाँले बताउनुभयो । मागको सुनुवाइ नभए दोस्रो चरणको आन्दोलनअन्तर्गत विमानस्थलको गेट अगाडि नियमित धर्ना तथा विरोधसभा र यति गर्दा पनि अन्तरराष्ट्रिय उडान सञ्चालन नभए आन्तरिक र बाह्य विमानस्थलको अगाडि विरोध गरिने ज्ञवालीले बताउनुभयो ।

विमानस्थल सञ्चालनका लागि सिद्धार्थनगर नगरपालिकासहित यहाँ रहेका सम्पूर्ण पालिकाले पहल गर्नुपर्ने उहाँको माग छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट सञ्चालनका लागि यहाँबाट उडान भरिरहेका वायुसेवा कम्पनीले गर्मीयामका लागि 'समर शेड्युल' लिएका छैनन् । यसले अब यहाँबाट सातामा एक दिन नेपाल एयरलाइन्सको विमानबाहेक अन्य अन्तरराष्ट्रिय उडान हुने छैनन् । भैरहवाबाट उडान हुँदै आएका जजिरा एयरलाइन्स, फ्लाई दुबई, थाई एयर एसियाले समर शेड्युल लिएका छैनन् ।

उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफुलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np